दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ६० | बुटवल | २०८१ फागुन ११, गते आइतबार | नेपाल संवत ११४५ | Sunday Feb. 23, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

### १७ वर्षमा शाइन रेसुंगा :

# लुम्बिनीलाई केन्द्र बनाएर राष्ट्रिय पहिचान

लुम्बिनी संवाददाता
बुटवल

भैरहवाकी पुनमकुमारी अग्रवाल नेपालकै ठूलो अर्गानिक मल कारखाना स्थापना गर्न चाहिने ३० करोडमध्ये १० करोड अपुग भएपछि वर्षौं कारोबार गरिरहेका दुई वटा निजी वाणिज्य बैंकमा गइन् । तर दुवै बैंकले अर्गानिक मल कारखाना सफल नहुने भन्दै कोरोनाको कारण देखाएर कर्जा दिएनन् । त्यसपछि उनी फाइल बोकेर शाइन रेसुंगा डेभलपमेन्ट बैंक पुगिन् । आफूले वर्षौं कारोबार गरेका बैंकले ऋण नपत्याएर फर्काई दिएपछि निराश बनेकी पुनमलाई शाइन रेसुंगाले पहिलो प्रयासमै कर्जा दिन तयार भयो । 'वर्षौं काम गरेका बैंकले कर्जा नदिएर निराश बनाएका थिए, शाइन रेसुंगाका सिइओ र कर्जा विभागको टिमले पहिलो प्रयासमै हाम्रो प्रोजेक्टलाई स्वीकार गरेर हाम्रो सपना पुरा गर्न साथ दियो' पुनमले भनिन् ।

कर्जा पाएपछि उनीहरुले रुपन्देहीको रोहिणीमा ३० करोड लगानीमा नेपालकै ठूलो अर्गानिक मल उद्योग स्थापना गरेका छन् । यो एउटा उदाहरण मात्र हो, यो बैंकले पुनम जस्ता थुप्रैलाई उद्यमशिल बनाएको छ ।




साविकको लुम्बिनी र राप्ती अञ्चलका पाँच वटा बैंकको सफल एकीकरणबाट बनेको शाइन रेसुंगा डेभलपमेन्ट बैंक अहिले लुम्बिनी प्रदेशलाई केन्द्र बनाएर राष्ट्रियस्तरको पहिचान बनाउन सफल भएको छ । पाँच प्रदेशका २० जिल्लामा ८८ शाखा कार्यालयमध्ये लुम्बिनी प्रदेशका १० जिल्लामा मात्रै ७२ वटा शाखा कार्यालय र एउटा एक्स्टेन्सन कार्यालय सञ्चालन गरेको बैंकले लुम्बिनी प्रदेशमा आफूलाई अग्रणी सावित गरेको छ ।

कुनै समय आधा दर्जन विकास बैंकका केन्द्रीय कार्यालय बुटवलमा थिए । ती सबै अरुसँग मर्ज वा विलिन भएर अलग पहिचानमा छन् । तर शाइन रेसुंगा मात्रै यस्तो बैंक हो जसले आफ्नो अस्तित्व थप मजबुद बनाउँदै बुटवलमै केन्द्रीय कार्यालय राखेर प्रदेशको एक मात्र राष्ट्रियस्तरको विकास बैंकको पहिचान स्थापित गरेको छ ।

बुटवल कालिकानगरमा आफ्नै सुविधासम्पन्न भवनमा प्रधान कार्यालय रहेको बैंकका बागमती प्रदेशको काठमाडौंमा ६, ललितपुर, भक्तपुर र चितवनमा एक-एक वटा, गण्डकीको पोखरा, बुर्तिबाङ र नवलपुरमा एक-एक शाखा सञ्चालनमा छन् ।

यस्तै सुदुरपश्चिम प्रदेशको कैलालीमा दुई तथा कञ्चनपुरमा एक र कर्णालीको सुर्खेतमा एउटा शाखा रहेको बैंकको १८ स्थानमा एटिएम सञ्चालनमा छन् । बैंकका ७ लाख ३५ हजार भन्दा बढी ग्राहक छन् ।

यस्तो छ वित्तीय अवस्था :

बैंकको अधिकृत पुँजी ८ अर्ब पुगेको छ भने जारी पुँजी ४ अर्ब ८७ करोड र चुक्ता पुँजी पनि ४ अर्ब ८७ करोड छ । देशभरका डेढ दर्जन विकास बैंकहरुमा शाइन रेसुंगाले आफूलाई टप थ्री मा उभ्याउन सफल भएको छ ।

२०८१ पौष मसान्तको अपरिष्कृत वित्तिय विवरण अनुसार निक्षेप संकलन रु. ६९ अर्ब ७२ करोड बचत निक्षेप ३६.९३ प्रतिशत, मुद्दती निक्षेप ५६.७४ प्रतिशत, कूल चल्ती तथा अन्य ६.३३ प्रतिशत रहेको छ ।

कर्जा लगानीतर्फ रु. ५७ अर्ब ४९ करोड रहेको छ । जसमा व्यापार कर्जा १८.९१ प्रतिशत, कृषि कर्जा ५.९१ प्रतिशत, आवास निर्माण कर्जा ३.८२ प्रतिशत, विपन्न बर्ग कर्जा ५.८९ प्रतिशत, जग्गा खरिद कर्जा ४.९५ प्रतिशत, होटल तथा पर्यटन कर्जा १६.८५ प्रतिशत, उद्योग कर्जा १४.२१ प्रतिशत, उपभोग्य कर्जा २०.३५ प्रतिशत, हायरपर्चेज कर्जा १.४८ प्रतिशत रहेको छ भने अस्पताल, शिक्षा आदीमा ६.५५ प्रतिशत र अन्य कर्जा १.०८ प्रतिशत रहेको बैंकले जनाएको छ ।

बैंकले ग्रामीण क्षेत्रमा शाखा विस्तारसँगै ग्रामीण अर्थतन्त्र बलियो बनाउन कृषि, उद्यम जस्ता उत्पादनशील क्षेत्रमा माग अनुसार कर्जा लगानी गरेको र सहज बैकिङ सेवा दिएकाले ग्राहकको रोजाईको बैंक बनेको अध्यक्ष थानेश्वर पौडेलले बताए ।

'निक्षेप तथा कर्जा लगानीलाई सन्तुलित रुपमा वृद्धि गर्दै अघि बढेका छौं, कर्जाको गुणस्तरमा विशेष ध्यान दिई ग्रामीण क्षेत्रमा कृषि, साना तथा मझौला उद्यम लगायतका क्षेत्रहरुमा लगानी विस्तार गरेका छौं,' अध्यक्ष पौडेलले भने-'डिजिटल कारोबारलाई थप सुरक्षित र भरपर्दो बनाउँदै उत्कृष्ट विकास बैंक बन्ने हाम्रो लक्ष्य छ ।'

बैंकका प्रमुख कार्यकारी अधिकृत प्रकाश पौडेलले नेपाल राष्ट्र बैंकको मार्गदर्शनअन्तर्गत रही लुम्बिनी प्रदेशलाई मुख्य आधार/केन्द्र बनाई शाखा विस्तार गर्दै,समाजका सबै वर्ग, समुदाय र पक्षसँग जोडिएर देशकै अग्रणी विकास बैंक बन्ने लक्ष्यमा रहेको बताए ।

'सफल मर्जरपछि मोफसलमा केन्द्रीय कार्यालय राखेर पनि राष्ट्रियस्तरको विकास बैंकका रुपमा लिड गर्न सकिन्छ भन्ने पुष्टी गरेका छौं, त्यसैले पनि सबैको साथ र माया पाएका छौं, इथिकल बैंकिङ, संस्थागत सुशासन, प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली र प्रुडेन्ट बैंकिङ्गमा हामी पूर्णरुपमा प्रतिबद्ध छौं,' सिइओ पौडेलले भने-'बैंकले युवा उद्यमशिलता, डिजिटल बैंकिङ र वित्तीय साक्षरतालाई पनि उच्च प्राथमिकता दिएर अघि बढेकाले युवा पुस्तामाझ अझ बढी लोकप्रिय बनेको छ ।'

बैंकले वित्तीय साक्षरताअन्तर्गत व्यक्तिगत वित्तीय योजना, बचत, लगानी, ऋण व्यवस्थापन, बिमा र डिजिटल बैंकिङजस्ता विषयको ज्ञान र त्यसको प्रयोगका बारेमा ग्राहकलाई प्रभावकारी ढंगले जानकारी दिने गरेको पौडेलले बताए ।

» बाँकी ३ पेजमा

### उत्कृष्ट विकास बैंक बन्ने लक्ष्य छ



'निक्षेप तथा कर्जा लगानीलाई सन्तुलित रुपमा वृद्धि गर्दै अघि बढेका छौं, कर्जाको गुणस्तरमा विशेष ध्यान दिई ग्रामीण क्षेत्रमा कृषि, साना तथा मझौला उद्यम लगायतका क्षेत्रहरुमा लगानी विस्तार गरेका छौं,' अध्यक्ष पौडेलले भने-'डिजिटल कारोबारलाई थप सुरक्षित र भरपर्दो बनाउँदै उत्कृष्ट विकास बैंक बन्ने हाम्रो लक्ष्य छ ।'

### उद्यमशिलता र डिजिटल बैंकिङ उच्च प्राथमिकतामा



'सफल मर्जरपछि मोफसलमा केन्द्रीय कार्यालय राखेर पनि राष्ट्रियस्तरको विकास बैंकका रुपमा लिड गर्न सकिन्छ भन्ने पुष्टी गरेका छौं, त्यसैले पनि सबैको साथ र माया पाएका छौं, इथिकल बैंकिङ, संस्थागत सुशासन, प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली र प्रुडेन्ट बैंकिङ्गमा हामी पूर्णरुपमा प्रतिबद्ध छौं,' सिइओ पौडेलले भने-'बैंकले युवा उद्यमशिलता, डिजिटल बैंकिङ र वित्तीय साक्षरतालाई पनि उच्च प्राथमिकता दिएर अघि बढेकाले युवा पुस्तामाझ अझ बढी लोकप्रिय बनेको छ ।'

# व्याजदर घटे पनि लगानीको वातावरण बन्न सकेन : ढकाल




लुम्बिनी संवाददाता
बुटवल

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले बैंक व्याजदर एक अंकमा झरिसक्दा समेत मुलुकमा लगानीको वातावरण अझैं बन्न नसक्नु चिन्ताको विषय भएको बताएका छन् । बुटवल उद्योग वाणिज्य संघको ७२औं स्थापना दिवसलाई सम्बोधन गर्दै अध्यक्ष ढकालले निजी क्षेत्रको निरन्तरको दवावले बैंक ब्याजदर एक अंकमा झरेको लामै समय हुँदासम्म अपेक्षाकृत लगानीको वातावरण बन्न नसकेको बताएका हुन् । नेपालमा कुनै सम्भावना र अवसर छैन भन्ने गलत भाष्य निर्माण गरी प्रचार गरिएका कारण लगानीको वातावरण नबनेको औंल्याउँदै ढकालले सरकार र निजी क्षेत्रसहित सबै मिलेर नेपालमा पर्यटन, हाइड्रो, आइटी, स्वास्थ्य, कृषिलगायत क्षेत्रमा प्रचूर सम्भावना र अवसर छन् भन्ने सकारात्मक भाष्य निर्माण गर्नुपर्ने बताए ।'निजी क्षेत्रकै पहलमा बैंक व्याज दर एक अंकमा झरेको पनि धेरै समय भयो, तर जुन मात्रामा उद्योग, व्यवसायमा नयाँ लगानी हुनुपर्ने हो त्यो हुन सकेको छैन,' ढकालले भने-'नेपालमा सम्भावना र अवसर छैन भन्ने भाष्यले लगानीको वातावरण बिथोलेको छ, अब सरकार र निजी क्षेत्र मिलेर पर्यटन, हाइड्रो, आइटी, स्वास्थ्य, कृषिमा धेरै राम्रो अवसर र सम्भावना छन् भन्ने सकारात्मक बनाउनुपर्छ ।'

निजी क्षेत्रको अगुवाइमा १० अर्ब पुँजीको नेपाल इन्भेष्टमेन्ट कम्पनी समेत सञ्चालनमा आइसकेकाले त्यसबाट कर्जा लिएर समेत उद्यम व्यवसाय गर्न सकिने अध्यक्ष ढकालले बताए ।

विश्वकै धेरै जनसंख्या भएका दुई छिमेकी देश चीन र भारतबाट हिन्दु तथा बौद्धमार्गी धार्मिक पर्यटकको आगमन बढाउन सकिने सम्भावना रहेकाले सरकारले यसलाई उच्च प्राथमिकतामा राख्नुपर्ने ढकालले सुझाए ।

उद्योग, वाणिज्यसँग सम्बन्धित हालै सरकारले ल्याएका अध्यादेशले निजी क्षेत्र उत्साहित भएको उल्लेख गर्दै ढकालले विभिन्न कारणले विदेश गएकाहरु पनि स्वदेश फर्किने क्रम सुरु भएकाले अब अझैं धेरै नेपालीलाई स्वदेश फर्काएर उद्याम व्यवसायमा जोड्ने वातावरण सबै मिलेर बनाउनुपर्ने बताए ।

लुम्बिनी प्रदेशमा उद्योग, पर्यटन र जडीबुटीमा लगानीको प्रचूर सम्भावना रहेको औंल्याउँदै ढकालले बुद्ध जन्मस्थल लुम्बिनीदेखि मुक्तिनाथ हुँदै चीनको कोरला नाकासम्म पर्यटन सर्किट बनाउन सकिने औंल्याए । नेपालमा प्राकृतिक सोत साधनप्रचुर मात्रामा भए पनि तिनको सदुपयोग हुन नसकेको र कतिपय अवस्थामा निजी क्षेत्रलाई निरुत्साहित गर्ने काम भएको भन्दै उनले निजी क्षेत्रलाई हेर्ने दृष्टिकोण बदल्नुपर्ने बताए । अध्यक्ष ढकालले जिल्ला र नगर उद्योग वाणिज्य संघहरुको माग अनुसार विधान संशोधन गरी महासंघको नेतृत्वमा पुग्ने ढोका खोलिएको बताए ।

कार्यक्रममा बुटवल उप-महानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेयलेस्थानीय आर्थिक तथा सामाजिक विकासमा निजी क्षेत्रको उल्लेखनीय योगदान रहेको बताए । बुटवलमा विज्ञापन बोर्ड करको विषय पेचिलो बनेको बताउँदै उनले मापदण्डभन्दा बढी लिएको भए कारबाही गरिने जनाए ।

संघले संघका पूर्वअध्यक्ष कुशप्रसाद मल्लीलाई सम्मान गरेको छ । स्थापना दिवसकै अवसरमा मानव सेवा आश्रमलाई ५१ हजार रुपैयाँ आर्थिक सहयोग प्रदान गरिएको छ ।

कार्यक्रममा बुटवलकी उपमेयर सावित्रा अर्याल, इलाका प्रशासन कार्यालय बुटवलका प्रमुख रामचन्द्र अर्याल, सिद्धार्थनगर उद्योग वाणिज्य संघका अध्यक्ष ठाकुरप्रसाद श्रेष्ठ, संघका पूर्व वरिष्ठ उपाध्यक्ष रोहितराज क्षेत्री, रुपन्देही व्यापार संघका अध्यक्ष दीपक अधिकारी, नेपाल पत्रकार महासंघ रुपन्देहीका अध्यक्ष दिनेश पाण्डे, संघका वरिष्ठ उपाध्यक्ष टंकप्रसाद गैरे लगायतले आ-अफ्ना भनाइ राखेका थिए ।



# सम्पादकीय

## स्वास्थ्य बिमासेवा व्यवस्थित गर

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान दाङले स्वास्थ्य बिमाको भुक्तानी नभएको भन्दै बिमा सेवा कटौती गरेको छ। प्रतिष्ठानले तीन महिनासम्म पाउने औषधिलाई एक हप्तामा सीमित गरेको छ। साथै प्रयोगशाला र रेडियोलोजी जाँच पनि स्थगित गरेको छ। प्रतिष्ठानले दाबी गरेअनुसार बिमाले ११ करोड भुक्तानी गर्न बाँकी छ।

बिमित बिरामीलाई औषधि उपलब्ध गराउन र विभिन्न जाँच गर्न आवश्यक केमिकल खरिद गर्न प्रतिष्ठानमा समस्या भएपछि सेवालाई कटौती गरेको अस्पतालको भनाइ छ। स्वास्थ्य बिमा सेवा कटौती गर्ने राप्ती पहिलो अस्पताल होइन, यसअघि त्रिवि शिक्षण अस्पतालले पनि भुक्तानी नपाएको भन्दै बिमा सेवा ५ महिनासम्म बन्द गरेको थियो। पछि बिमा बोर्डले भुक्तानी केही समयमै दिने आश्वासन दिएपछि सेवा सुचारु गरेको छ।

अन्य स्वास्थ्य संस्थाहरूले समयमै सरकारले भुक्तानी दिन नसकेको भन्दै सेवा बन्द गर्ने चेतावनी दिइरहेका छन्।

सरकारले पछिल्ला वर्षमा वार्षिक स्वास्थ्य बिमाका लागि ७ अर्ब ५० करोड दिँदै आएको छ। तर यस वर्ष ४५ अर्बभन्दा बढी रकम भुक्तानी गनुपर्ने अवस्था छ। जसले गर्दा यो वर्ष ठूलो रकम अपुग भएको छ।

अघिल्लो वर्षको बक्यौता मात्रै १६ अर्ब रहेको र यो वर्ष खर्च गर्न पाउनुपर्ने सबै रकम अघिल्लो वर्ष नै खर्च भइसकेको अवस्थामा कसरी रकम दिने भन्ने चुनौती थपिएको छ। अस्पतालले नागरिकलाई अनावश्यक परीक्षण र औषधि खरिद गर्न लगाएर पैसा सकाइदिएकाले स्वास्थ्य बिमा सेवा चल्न कठीन भएको स्वास्थ्यमन्त्री प्रदीप पौडेलले बताउँदै आएका छन्।

गरिब तथा विपन्न वर्गका नागरिकका लागि ठूलो राहत बनेको स्वास्थ्य बिमा कार्यक्रमलाई व्यवस्थित गर्नुको विकल्प छैन। सबैका लागि बिमाभन्दा पनि तलब खाने नागरिक, कर तिर्ने नागरिक, प्रिमियम गर्ने नागरिक र प्रिमियम पनि तिर्न नसक्ने नागरिक गरी नागरिकलाई चार प्रकारमा विभाजन गरेर बिमा कार्यक्रम व्यवस्थित गर्न सकिन्छ। यसतर्फ सरकारले तत्काल काम सुरु गर्न आवश्यक छ।

# वृक्ष आयुर्वेद सान्दर्भिकता र महत्व

**डा. प्रतिमा पौडेल**



वृक्ष आयुर्वेदका विधि प्राकृतिक र पूर्णरूपमा सुरक्षित हुनुका साथै न्यून आर्थिक लगानी लाग्ने खालका छन्। यसबाट राज्य वा व्यक्तिविशेषलाई कुनै हानि नभएर फाइदा मात्रै हुन सक्छ। वृक्ष आयुर्वेद विश्व स्वास्थ्य सङ्गठनको खाद्य सुरक्षा विषयका लागि नयाँ आयाम ल्याउन सफल हुन सक्छ भने नसर्ने रोग, प्रतिजैविक प्रतिरोध जस्ता स्वास्थ्यका सङ्कटको रोकथाम तथा नियन्त्रणका लागि पनि निकै उपयोगी हुन सक्छ।

आयुर्वेद आयुको बारेमा अध्ययन गर्ने विज्ञान हो। आयु केवल मानवको नभएर सम्पूर्ण प्राणी मात्रको हुन्छ। आयुर्वेदले समाजले बिर्सिंदै गएको वृक्ष एवं पर्यावरण स्वास्थ्यको विषयलाई पनि समेटेको छ। जसलाई समाजमा आधुनिकीकरणको लहर आउनुपूर्व 'वृक्ष आयुर्वेद' विधाको रूपमा विकास गरिएको थियो। उक्त समयमा केवल मानव र बोटबिरुवाका लागि मात्र नभएर पशुका लागि मृग आयुर्वेद, हस्ति आयुर्वेद, अश्व आयुर्वेद जस्ता विधा पनि निकै विकसित थिए। काल खण्डमा पूर्वीय सभ्यता तथा नेपाल-भारतलगायतका देशमा पश्चिमा र मुगलको प्रत्यक्ष-अप्रत्यक्ष आक्रमणसँगै धेरै कृतिको विनाश भयो। नतिजा स्वरूप आयुर्वेद मानवको चिकित्सा पद्धतिका रूपमा मात्रै आफ्नो अस्तित्व बचाउन सफल भयो। वृक्ष आयुर्वेद, पन्छी आयुर्वेद र पशु आयुर्वेद इतिहासको रूपमा रहन बाध्य भए।

मानव स्वास्थ्यका लागि पर्यावरण स्वस्थ रहनु अपरिहार्य छ। हाम्रो खानाको स्रोत बोटबिरुवा र पशुपन्छी नै हुन्। बोटबिरुवा तथा पशुपन्छीको स्वास्थ्यले हाम्रो स्वास्थ्यमा सिधा असर पार्ने अकाट्य छ। आजको दिनमा अनेकौँ रोगको विकास भएर मानव जीवनलाई त्रासमय बनाउनुमा धेरै हदसम्म पर्यावरण, बोटबिरुवा तथा पशुपन्छीको स्वास्थ्यप्रतिको हेलचेक्र्याइँ जिम्मेवार छ। विश्व स्वास्थ्य सङ्गठनले 'सबैका लागि स्वास्थ्य' भनिरहँदा सबैमा स्वास्थ्य सेवाको पहुँच पुऱ्याउनुसँगै माथिको हेलचेक्र्याइँ पनि सच्याउनु जरुरी छ। विभिन्न स्वास्थ्य सङ्गठनले गरेको अनुमान अनुसार नसर्ने रोग एवं प्रतिजैविक प्रतिरोध अबको ठुलो महामारीका रूपमा बढ्दै छ।

खाद्यवस्तु, कृषि तथा पशुपालनमा प्रयोग हुने औषधी तथा रसायनको नियन्त्रण राम्रोसँग हुन नसक्नु, बजारको नियमन राम्रोसँग नहुनु र सहरीकरणको चर्को वृद्धिले मानवीय स्वास्थ्य सङ्कट झनै बढ्दै गएको अवस्था छ। आज विश्वमा बर्सेनि नौ लाख व्यक्ति नसर्ने रोगको कारण मर्ने गर्छन्। यसको नियन्त्रणका लागि विश्व स्वास्थ्य सङ्गठनले खाद्य प्रणालीलाई स्वस्थ राख्नु पनि एक महत्वपूर्ण नीतिका रूपमा स्थापित गरेको छ। बढ्दो जनसंख्या, सहरीकरण र आधुनिकीकरणको माग पूरा गर्न आज खाद्यान्न तथा खाद्य उत्पादकले अत्यधिक रूपमा हानिकारक रासायनिक मल, कीटनाशक औषधी, सुई लगाएर दिने रसायन आदिको प्रयोग गर्दै आइरहेका छन्। बजारमा अर्गानिक भनेर बेचिने खाद्यवस्तुको पनि साँच्चै कति सुरक्षित छन् भन्ने कुराको कुनै प्रमाण छैन। त्यस्ता अर्गानिक भनिएका खाद्यवस्तुको मूल्य तुलनात्मक रूपमा निकै धेरै हुने हुनाले अधिकतर जनसंख्या असुरक्षित, अस्वस्थकर खाद्यवस्तु किनेर उपभोग गर्नमा बाध्य छन्।

नसर्ने रोग मात्रै नभएर सरुवा रोगका लागि प्रयोग गरिने एन्टिबायोटिकको अवैधानिक रूपमा कृषि तथा पशु उद्योगमा हुने प्रयोगका कारण विश्वमा भित्रभित्रै जरा गाडिरहेको अर्को भयावह अवस्था 'प्रतिजैविक प्रतिरोध' हो। वैज्ञानिकहरू प्रतिजैविक प्रतिरोधलाई निकट भविष्यको ठुलो स्वास्थ्य सङ्कटका रूपमा मान्छन्। स्वास्थ्य क्षेत्रमा वरदानको रूपमा आविष्कार गरिएको एन्टिबायोटिकको अत्यधिक तथा अनियन्त्रित प्रयोग 'अश्वत्थामाको हातमा ब्रह्मास्त्र' जस्तै साबित भइरहेको छ। वैज्ञानिकहरूको अनुमान यदि सत्यमा परिणत भयो भने त्यो मानव पशु प्राणी जीवनका लागि प्रलय सरह विनाशकारी हुन सक्छ।

माथिका स्वास्थ्य समस्याको समाधान वा रोकथाम असम्भव चाहिँ छैन। संसारमा जीवको उत्पत्तिसँगै रोग विकारहरूको पनि उत्पत्ति भएको थियो। परापूर्वकालदेखि आयुर्वेद एवं प्रकृतिमै प्राप्त स्रोतहरूद्वारा चिकित्सा हाम्रो परम्परामै रहेर आएका थिए। कृषि क्षेत्रमा रासायनिक मलहरूको विकास २० औँ शताब्दीको मध्यबाट भएको देखिन्छ। रासायनिक मलको खोज र उपलब्धि त्यो समयमा कुनै कुनै ठाउँमा भएको खाद्य सङ्कट तथा भोकमरी नियन्त्रणका लागि गरिएको थियो। व्यापारिक फाइदाका लागि गरिएको त्यसको अनियन्त्रित तथा अत्यधिक प्रयोगले पर्यावरण र मानव स्वास्थ्य दुवैमा नकारात्मक असर परेको छ। फलस्वरूप आज कृषि उत्पादन त होला तर खाद्यवस्तुमा शरीरलाई आवश्यक पोषणको कमीले कुपोषण हुने तथा हानिकारक रसायनको अवशेषका कारण क्यान्सरलगायतका नसर्ने रोग बढेको देखिन्छ।

यसको समाधानका लागि अब फेरि पछाडि फर्कनु आवश्यक छ। 'वृक्ष आयुर्वेद' सुरपाल नामका आयुर्वेद चिकित्सकले इसं १००० मा लेखेको एक पुस्तक हो; जसमा कृषि उत्पादन, खाद्य बालीको विकास तथा बोटबिरुवामा लाग्ने रोग नियन्त्रण र उपचारका बारेमा लेखिएको छ। आयुर्वेदका मुख्य ग्रन्थमा विभिन्न प्रसङ्गमा वृक्ष आयुर्वेदका पुस्तक तथा लेखकहरूको नाम उल्लिखित पाइन्छ। कालखण्डमा कति पुस्तक पाण्डुलिपि संरक्षणको अभावले नष्ट भए, कति पुस्तक तक्षशिला नलन्दा जस्ता विश्वविद्यालयमा गरिएको आक्रमणमा नष्ट गराइए। अझैँ पनि केही वृक्ष आयुर्वेद र सम्बन्धित विधाका पुस्तक उपलब्ध छन्। जसमध्ये कुनै संहिताकाल (२ देखि ६ शताब्दी) कै हुन् भने कुनै अलि पछिका। केही पुस्तक अझैँ पनि कुनै पुस्तकालय, पुरातत्व विभाग वा व्यक्तिगत सङ्कलनका रूपमा भएकाले सर्वसुलभ पहुँचमा आउन सकेका छैनन्। आजको मितिमा उपलब्ध पुस्तकमा शालिहोत्रद्वारा (इपू. ४००) लिखित 'वृक्ष आयुर्वेद'; वराहमिहिरद्वारा (इसं ५०५-५८१) लिखित 'बृहत् संहिता;' सुरपालद्वारा (इसं १०००) लिखित 'वृक्ष आयुर्वेद;' शारङ्गधरद्वारा (१३ औँ शताब्दी) लिखित 'उपवन विनोद;' भावप्रकाशद्वारा (१६ औँ शताब्दी) लिखित 'भावप्रकाश निघण्टु' आदि पर्छन्।

मुख्यतः वृक्ष आयुर्वेदका ग्रन्थमा भूमि निरूपण (खेतीयोग्य जमिनको छनोट विधि कुन बाली कस्तो माटोमा लगाउने), पादप विवेचना विस्तार (बोटबिरुवाको प्रकार- लता, क्षुप, गुल्म, वनस्पति र तिनको विस्तारः रोप्ने उमार्ने तरिका) बीजोप्ति (बिउ बीजको संरक्षण र उत्पादन उब्जनी विकास), रोपण विधान (बिउबिरुवा लगाउने/रोप्ने विधि), निषेचन विधि, पोषण विधि, द्रुमरक्षा (कठोर वातावरणीय अवस्थामा बोटबिरुवा जोगाउने विधि), तरु चिकित्सा (बोटबिरुवालाई लाग्ने रोग र उपचार), उपवन क्रिया (उद्यानको विकास), निवास आसन्न तरु (घरको नजिकै लगाउन उपयुक्त वृक्ष), शुभअशुभ लक्षण (स्वस्थअस्वस्थ बोटबिरुवाको लक्षण), तरु महिमा (बोटबिरुवा वृक्षको महत्व) र चित्रीकरण (वर्षभरि फलफूल लगाउने उपाय), आदि विषयको वर्णन पाइन्छ।

उदाहरणका लागिः बिउ लगाउनुपूर्व माटोमा पञ्चगव्य (गाईको दूध, दही, घिउ, गौत र गोबर) छिट्ने अथवा गोमूत्र छर्कने गर्दा उक्त बिउ राम्रोसँग उम्रिन्छ। (यसमा कोमल के बजाज- २०२२ मा शोध पनि प्रकाशित गरिएको छ, जसमा बिउको पोषणका लागि यो विधि युरिया मलभन्दा बढी प्रभावकारी पाइएको थियो।) त्यसैगरी खेतीमा किरा लागेमा बोझो, तोरी, बाय बिडङ, हिङ, आदिको धुवाँ दिनाले किरा मर्छ भनिएको छ। हाँगाहरू सर्ने बोटबिरुवामा छिट्टै जरा पलाउनका लागि काटेको हाँगालाई मह, गोबर आदिको लेपको प्रयोग गर्न सकिन्छ। आयुर्वेदको सिद्धान्त मानव, वृक्ष तथा पशु सबैमा बराबर उपयोगी हुन्छ।

आयुर्वेदीय द्रव्यहरूः जडीबुटी तथा खनिजमा पाइने तत्वले बोटबिरुवा, पशु तथा मानिस सबैमा आफ्नो गुणअनुरूप काम गर्छन्। सोही सिद्धान्तअनुरूप कुनै चोटपटक लागेर भर्खरै भाँचिएको वृक्षको हाँगालाई मानवमा हड्डी भाँचिँदा प्रयोग गर्ने लेप; मह, जेठीमधु, अस्थिसंहारी, हाडजोड, आदि लगाएर अँडेर, साल आदिको पातले बाँध्न सकिन्छ। रासायनिक मल र कीटनाशक बजारमा छ्यापछ्याप्ती पाइनुपूर्व यस्ता धेरै विधि प्रयोगमा थिए। केही झन्झटिलो भए पनि प्रभावकारी र कुनै दुष्प्रभाव रहित थिए। ती विधिहरूको पुनर्प्रयोग; सरकारको र अन्य निकायको प्राकृतिक मल, कम्पोस्ट मल, प्राकृतिक कीटनाशक, आदिको प्रवर्द्धनमा अब भए पनि इच्छा र प्रयास भयो भने हानिकारक रासायनिक मल र कीटनाशकको प्रयोग कम हुन सक्छ। त्यसो गर्दा पर्यावरणको स्वास्थ्यमा टेवा पुग्नुको साथै माटोको गुणस्तर वृद्धि, सही अर्थमा अर्गानिक उत्पादन तुलनात्मक रूपमा कम मूल्यमा प्राप्त हुन्छन् र नसर्ने रोग, कुपोषण आदि कम हुन्छन्।

आयुर्वेदको मुख्य उद्देश्य स्वस्थ व्यक्तिको स्वास्थ्यको संरक्षण गर्नु तथा अस्वस्थको उचित उपचार गर्नु हो। यो उद्देश्य प्राप्तिका लागि स्वास्थ्यकर आहार तथा उचित विहार अपरिहार्य छन्। स्वस्थकर आहारको प्राप्तिका लागि त्यसको स्रोत खाद्यान्न स्वस्थ विधिबाट उत्पादन हुनु पर्छ। खाद्यान्नको उत्पादनमा हानिकारक रासायनिक मल, कीटनाशक, आदिको प्रयोगले कृषकको स्वास्थ्यमा सिधा असर गर्नुका साथै उपभोक्ताको स्वास्थ्यमा तथा पर्यावरणको स्वास्थ्यमा पनि असर गर्छ। रासायनिक प्रदूषित माटोबाट जमिनमुनिको पानीको स्रोत प्रदूषित हुन्छ र त्यसले ठुलो जनसंख्याको स्वास्थ्यमा समस्या उत्पन्न गराउन सक्छ। त्यसैले कृषि र स्वास्थ्य एकअर्कासँग गहिरो सम्बन्ध राख्छन्। कुनै पनि राज्यले स्वास्थ्यसँग सम्बन्धित नीति बनाउँदा वा कृषिसम्बन्धी नीति बनाउँदा कृषिमा वृक्ष आयुर्वेदको विषय उल्लेख गर्नु आवश्यक देखिन्छ। साथै यस विषयमा अझैँ धेरै ज्ञानको विकास र विस्तारका लागि पाण्डुलिपिहरूको अध्ययन-अनुसन्धान, त्यहाँ बताइएका विधिमा प्रयोगात्मक अनुसन्धान पनि महत्वपूर्ण छ।

वृक्ष आयुर्वेदका विधि प्राकृतिक र पूर्णरूपमा सुरक्षित हुनुका साथै न्यून आर्थिक लगानी लाग्ने खालका छन्। यसबाट राज्य वा व्यक्ति विशेषलाई कुनै हानि नभएर फाइदा मात्रै हुन सक्छ। वृक्ष आयुर्वेद विश्व स्वास्थ्य सङ्गठनको खाद्य सुरक्षा विषयका लागि नयाँ आयाम ल्याउन सफल हुन सक्छ भने नसर्ने रोग, प्रतिजैविक प्रतिरोध जस्ता स्वास्थ्यका सङ्कटको रोकथाम तथा नियन्त्रणका लागि पनि निकै उपयोगी हुन सक्छ। अबको दिनमा सबैका लागि स्वास्थ्य सफल बनाउन स्वास्थ्य क्षेत्रमा मात्रै नभएर कृषिमा पनि एकीकृत प्रणाली अपरिहार्य देखिन्छ।

गोपबाट

# मानव शरीर तथा जनावरको वृद्धि र विकासको लागि अनिवार्य तत्व आयोडिन

**भोजराज पोखेल**



'मानसिक फुर्ति शारीरिक शक्ति को लागि आयोडिन युक्त नुन, थोरै खाऔं सही मात्रामा खाऔं दुई बालबालिकाको चिन्ह अंकित आयोडिनयुक्त नुन नै खाऔं' आयोडिन एक प्रकारको लवण हो। यो माटोमा पाइन्छ। जनावर तथा मानव शरीरको वृद्धि र विकासको लागि आयोडिन नभइ हुँदैन।

निसको शरिरका अत्यन्त संवेदनशील अंगहरु जस्तै : मस्तिष्क र सम्पूर्ण स्नायु प्रणालीलाई राम्ररी सञ्चालन गर्नका लागि आयोडिनको जरुरत पर्दछ।

हामी सबैले नुन आवश्यकता अनुसार खाऔं तर सही मात्रामा आयोडिन भएको दुई बालबालिकाको चिह्न भएको प्याकेटको नुन मात्र खाऔं। मानसिक फुर्ती शारिरिक शक्ति आयोडिन युक्त नुनबाट मात्र पुर्ति भन्ने मुल नारालाई समेत आत्म साथ गरौं। र, आयोडिन को महिना फेब्रुअरी लाई सफल बनाऔं। दुई बालबालिकाको चिन्ह भएको आयोडिनयुक्त नुन दैनिक सेवन गरौं, बालबालिकाको आईक्यु लेबल बढाऔं।'

मानवजातिको जीवनलाई गर्भावस्थादेखि जीवनको हरेक अवस्थामा बाँच्न, स्वस्थ रहन र पूर्ण रुपमा मानसिक तथा शारीरिक विकासका लागि मानिसलाई बिभिन्न किसिमका पोषणयुक्त तत्वहरुको अतिआवश्यक पर्दछ। यी आवश्यक तत्वहरु मध्ये आयोडिन पनि एक महत्वपूर्ण खनिज तत्व हो। जुन सबै उमेरका मानिस तथा जीवजन्तुलाई दैनिक रुपमा आवश्यक पर्दछ। गर्भावस्थादेखि दुई वर्षको उमेरसम्म मानिसको दिमागको ८० प्रतिशत विकास भइसकेको हुन्छ। त्यसैले यस समयमा शरिरमा आयोडिनको कमी भएमा मानसिक तथा शारिरिक विकासमा समेत मा अवरोध आउँछ। नेपालको भौगोलिक अवस्थाले गर्दा यहाँको माटो र पानीमा आयोडिनको अभाव छ। त्यसैले हामी नेपालीहरुले हाम्रो दैनिक खानामा आयोडिन मिसाएको नुन खानामा खानु नै एक मात्रा सरल उपाय हो।

ढिके तथा खुल्ला नुनमा आयोडिन मिसाएको भएता पनि यसलाई भन्डारण गर्दा र बजारमा खुल्ला रुपमा राख्दा यसमा भएको आयोडिन उडेर नास भएको हुन्छ। प्रायजसो ढिके नुन फोहोर देखिने र धोएर खानामा राख्ने चलन भएकाले पनि यसमा भएको आयोडिन पखालिएर आफैँ नास हुन्छ। त्यसैले पनि दुई बालबालिकाको चिन्ह भएको प्याकेटको नुनमा सही मात्रामा आयोडिन मिसाएको हुन्छ। यसलाई नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र खाद्यान्न गुणस्तर निर्धारण विभागले सही मात्रामा आयोडिन भएको नुन प्रमाणित गरेको छ। साथै आयोडिन भएको नुन खाने गरेमा सम्पूर्ण व्यक्तिको दिमागको विकास तीव्र गतिमा हुने र शरीरलाई आवश्यक पर्ने आयोडिन तत्वको समेत पुर्ती हुने भएकाले हरेक बारको खानामा आयोडिनयुक्त नुनको प्रयोगलाई अनिवार्य मानिन्छ। दैनिक खानामा साधारण स्वस्थ व्यक्तिको लागि १५० माइक्रो ग्राम र गर्भवती महीलाको लागि दैनिक खानामा २५० माईक्रो ग्राम आयोडिन तत्वको मात्राको आवश्यकता पर्दछ। सही मात्रामा आयोडिन पाउन दुई बालबालिकाको चिन्ह भएको पाकेटको धुलो नुन प्रयोग गर्ने बानी बसालौं। ढिके तथा खुला बेचिने नुनबाट पर्याप्त मात्रामा आयोडिन पाउन नसकिने भएकाले त्यस्ता नुन प्रयोग नगरौं।

आयोडिनयुक्त नुनलाई घाम र पानीको प्रभाव नपर्ने गरी सुरक्षित तरीकाले राख्ने गरौं। आयोडिन नुनलाई नपखाली खाऔं। आयोडिन युक्त नुनलाई दाल तरकारी पाकेपछि मात्र राख्ने गरौं।

**आयेडिनका स्रोतहरु**

समुन्द्री खाना

आयोडिन भएका जमिनमा उमारेका खाध्य पदार्थहरुःसलगम, बन्दा, पालुङ्गो, ब्रोकाउली आदि।

आयोडिनले के के गर्दछ :

१. आयोडिनले गलगाँड (कण्ठरोग ) नियन्त्रण गर्दछ।
२. आयोडिनले मानसिक र बौद्धिक क्षमताको विकास गर्दछ।
३. आयोडिनले लाटो लठेब्रोपनको नियन्त्रण गर्दछ।
४. आयोडिनले पुनरउत्पादन क्षमताको वृद्धि गर्दछ।
५. आयोडिनले बालमृत्युदर घटाउन मद्वत गर्दछ।

**आयोडिनका फाइदाहरु**

गर्भावस्था : गर्भवती महिलाले दैनिक रुपमा आयोडिन तत्वको सही मात्रामा प्रयोग गर्ने हो भने गर्भको बच्चाको मानसिक र शारीरिक विकासमा महत्वपूर्ण फाइदा गर्दछ। साथै आयोडिनको कमीबाट हुनसक्ने असर जस्तै गर्भको बच्चा तुहिने मरेको बच्चा जन्मने जस्ता समस्याहरुबाट सजिलै बच्न सकिन्छ।

बाल्यावस्थामा : बाल्याबस्थामा पनि आयोडिन तत्वको सही मात्राको प्रयोगले बालबालीकाको शारीरीक तथा मानसिक विकासमा महत्वपुर्ण भुमिका खेल्दछ। बालबालिकाहरु फुर्तिला र तन्दुरुस्त हुनुको साथै दिमागीय रुपमा अति अब्बल देखिन्छन्।

किशोरावस्थामा : किशोरावस्थामा पनि आयोडिन तत्वको सही र आवश्यक मात्राको प्रयोगले किशोर किशोरीहरुको मानसिक तथा शारीरीक क्षमतामा वृद्धि हुन्छ। जसले गर्दा पढाइ लेखाइका साथसाथै अन्य क्रियाकलापमा पनि सकारात्मक प्रभाव पर्दछ। किशोर-किशोरीहरुको आईक्यु लेबल बढाउनको लागि दैनिक खानामा आयोडिन तत्वको मात्राको आवश्यकता देखिन्छ।

सबै उमेरमा : आयोडिन तत्वको सही मात्राको प्रयोगले सबै उमेर समूहका मानिसहरुको मानसिक तथा शारीरिक विकासमा आवश्यकीय विकास हुन्छ। जसले गर्दा गलगाँड र हाइपोथाइरोडिजम जस्ता घातक रोगहरु हुनबाट बच्न सकिन्छ। त्यसै कारणले पनि आयोडिन तत्वको आबस्यकिय र सही मात्रामा प्रयोग गर्नु नितान्तै आवश्यक छ।

**जान्नैपर्ने केही महत्वपूर्ण कुराहरु**

१. ढिके तथा खुल्ला नुनमा मानिसहरुको शरीरीरलाई दैनिक रुपमा आवश्यक पर्ने आयोडिनको मात्रा पूर्ण रुपमा नहुन सक्दछ। यस्तो ढिके तथा खुल्ला नुन सफा पनि नहुने हुनाले हामीहरुले खानको लागी उपयुक्त हुँदैन। त्यसैले यो कुरा जान्न आवश्यक छ।

२. 'दुई बालबालिकाको चिन्ह' भएको प्याकेटको नुन शुद्व र सफा हुनुको साथै यसमा सहिमात्रामा आयोडिन तत्व मिसाइएको हुन्छ। त्यासैले दैनिक प्रयोगमा 'दुई बालबालिकाको चिन्ह' नै भएको आयोडिन युक्त प्याकेटको नुन प्रयोग गर्नु बुद्धिमानी मानिन्छ।

३. 'दुई बालबालीकाको चिन्ह' नेपाल सरकार र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले समेत सही मात्रामा आयोडिनको तत्व भएको नुनलाई दिने प्रमाणित चिन्ह हो। त्यसकारणले गर्दा पनि 'दुई बालबालीकाको चिन्ह' भएको नुन दैनिक प्रयोगमा कुनै संकोच लिनुपर्दैन।

४. प्याकेटको आयो नुन खोलेर बिर्को भएको सफा डिब्बामा राखौं।

५. तरकारी पाकिसकेपछि मात्र नुन राख्ने बानी बसालौं।

६. नुन राखिसकेपछि तरकारी छोपेर मात्र राख्ने गरौं।

(पोखरेल स्वास्थ्य शिक्षा अधिकारी तथा स्वास्थ्यकर्मी हुन् )

# युवा प्रशिक्षण तथा सचेतना कार्यक्रम सम्पन्न




**अविजित पन्थी**

*बुटवल*

अङ्गुरी समाज रुपन्देहिको आयोजनामा, बुटवल ११ देवीनगरस्थित गार्गी एकेडेमीको सभा हलमा युवा प्रशिक्षण तथा सचेतना कार्यक्रम सम्पन्न भएको छ। यस कार्यक्रमको उद्देश्य युवाहरूसँग ज्ञान, सीप र धारणा अभिवृद्धि गर्दै उनीहरूलाई समाजसँग जोड्नु रहेको थियो। १५-३५ वर्ष उमेर समूहका करिब ७५ जना प्रशिक्षार्थी यस कार्यक्रममा सहभागी भएका थिए, जसमा बुटवलका विभिन्न स्थानका युवा सक्रिय रूपमा सहभागी थिए।

कार्यक्रमको संयोजक समाजका सदस्य सूर्यप्रसाद पौडेलले स्वागत मन्तव्य राख्दै, युवाहरूको योगदान र उनीहरूको विकासमा अङ्गुरी समाजको महत्त्वपूर्ण भूमिका रहेको उल्लेख गरेकमा थिए। उनले, समाजले युवाहरूसँग जोडिने र उनीहरूको समृद्धिको लागि आगामी दिनहरूमा यस प्रकारका प्रशिक्षण कार्यक्रमहरूको आयोजना समेत गर्ने बताए।

कार्यक्रमको औपचारिक सुरुआत समाजका पूर्व अध्यक्ष लुकराज न्यौपानेले गरेका थिए। उनले अङ्गुरी समाजको स्थापनाका उद्देश्य र समाजको कार्यविधिका बारेमा जानकारी दिए। उनले भने- 'समाजको उद्देश्य केवल सामाजिक काम गर्नु मात्र होइन, यसले हामीलाई युवापुस्तासँग जोडेर समाजमा सुसंस्कृत र सक्षम नागरिकको निर्माण गर्नुपर्ने जिम्मेवारी पनि दिएको छ।'

कार्यक्रममा गार्गी एकेडेमीका प्राचार्य भुवन अधिकारीले युवाहरूसँग संघर्ष र सफलतासम्बन्धी प्रेरणादायक विचार प्रस्तुत गरे। उनले भने-"जीवनमा कुनै पनि कठिनाई आउँदा निराश नहुनुहोस्, बरु त्यसलाई चुनौतीको रूपमा लिनुहोस्।'

कार्यक्रमको पहिलो सत्र प्रमुख प्रशिक्षक राजीव गौतमले सञ्चालन गरेका थिए। उनले सामाजिक सञ्जालको अत्यधिक प्रयोगले युवा पुस्तामा पार्ने नकारात्मक प्रभाव र यसको सही प्रयोगका बारेमा जानकारी दिए। गौतमले भने-'आजका युवाहरूले अत्यधिक सामाजिक सञ्जालमा समय बिताइरहेका छन्, तर यदि यसलाई सही ढंगले प्रयोग गर्न सकियो भने यसले जीवनलाई उज्जवल बनाउन ठूलो योगदान पुर्याउन सक्छ।'

कार्यक्रमको दोस्रो सत्रमा प्रशिक्षक नारायणप्रसाद घिमिरेले अनलाइन ठगी र यसको विरुद्धमा सचेत रहनका लागि युवाहरूसँग महत्त्वपूर्ण जानकारी साझा गरेका थिए। घिमिरेले भने-'आजको अनलाइन संसारमा ठगीका धेरै प्रकारका रूपहरू छन्। यसलाई रोक्नको लागि तपाईंले आफ्नो जानकारीको सुरक्षा गर्न र डिजिटल माध्यममा सावधान रहन आवश्यक छ।'

कार्यक्रममा प्रशिक्षक सरोज पन्थीले प्रविधिको सही प्रयोग र यसलाई शिक्षा, स्वास्थ्य र रोजगारका क्षेत्रमा प्रभावकारी रूपमा प्रयोग गर्नका लागि सुझाव दिए। उनले युवाहरूसँग प्रविधिको प्रयोगलाई मनोरञ्जन र सूचना प्राप्तिका लागि मात्र सीमित नगरी, यसलाई ज्ञान प्राप्ति र व्यवसायका अवसरको रूपमा प्रयोग गर्नको महत्त्वमा जोड दिए। पन्थीले प्रविधिको प्रयोगले शिक्षा, स्वास्थ्य र रोजगारीका क्षेत्रमा नयाँ अवसरहरूको सिर्जना गरेको कुरा पनि उल्लेख गरे।

कार्यक्रमको समापन समाजका अध्यक्ष रामप्रसाद पन्थीले गरेका थिए। उनले कार्यक्रमको समग्र सफलता र सहभागीहरूको सक्रिय सहभागिताको सराहना गर्दै, यस प्रकारका प्रशिक्षण कार्यक्रमहरूको महत्त्वमा जोड दिए।

अध्यक्ष पन्थीले समाजको आगामी योजनाहरू र आगामी कार्यहरूसँग जोडिएको युवाहरूको सक्रिय सहभागितालाई अझ महत्त्वपूर्ण ठान्दै, यस कार्यक्रमको आयोजनामा मद्दत पुर्याउने सबैलाई धन्यवाद ज्ञापन गरेका थिए।

कार्यक्रमले युवाहरूसँग सकारात्मक सोच र कार्यका माध्यमबाट जीवनका विभिन्न पाटोहरूमा सुधार ल्याउनका लागि महत्वपूर्ण सुझाव र मार्गदर्शन प्रदान गरेको थियो। प्रशिक्षकहरूले युवा वर्गलाई आफ्नो भविष्यलाई उज्ज्वल बनाउनका लागि महत्वपूर्ण टिप्स दिए र उनीहरूलाई सशक्त बनाउनका लागि प्रेरित गरेका थिए। कार्यक्रमको सञ्चालन अङ्गुरी समाज रुपन्देहीका महासचिव जीवनप्रसाद अधिकारीले गरेका थिए।

सनस्टार कप राष्ट्रिय पुरुष भलिबलः

# त्रिभुवनआर्मी र सनस्टारको जित

रोल्पा। रोल्पामा सनस्टार कप राष्ट्रिय भलिबल प्रतियोगिता सुरु भएको छ। शनिबार पूर्वसभामुख कृष्णबहादुर महराले रोल्पाको लिबाङमा प्रतियोगिताको उद्घाटन गरेका हुन्। सनस्टार युवा क्लबको १३औं वार्षिकोत्सवको अवसर पारेर आयोजना गरिएको दोस्रो राष्ट्रिय पुरुष भलिबलमा देशभरबाट सात टोली सहभागी छन्।

शनिबार भएको पहिलो खेलमा मधेश प्रदेश आयोजक सनस्टार युवा क्लबसँग पराजित भएको छ। बिहान भएको खेलमा २६-२४, ३१-२९ र २५-१८ को सोझो सेटमा सनस्टार युवा क्लबले मधेश प्रदेशमाथि जित निकालेको हो। त्यस्तै दिउँसो भएको त्रिभुवन आर्मी क्लब र कर्णाली प्रदेश बिचको खेलमा एकका विरुद्ध तीनसेट आफ्नो पक्षमा पारेर त्रिभुवन आर्मी क्लब विजयी भएको छ। जम्मा चार खेलमा पहिलो खेल त्रिभुवन आर्मी क्लबको २३ अंकका विरुद्ध कर्णाली प्रदेशले २५ अंक लिएर आफ्नो पोल्टामा पारेको थियो। त्यसपछिका तीन खेलमा भने आर्मीले लगातार २५-१६, २५-१७ र २५-१८ को अंक अनुपातमा आफ्नो जित निकालेको थियो।

दोस्रो राष्ट्रिय पुरुष भलिबल प्रतियोगितामा त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब र आयोजकसहित चारवटा प्रादेशिक टिम सहभागी छन्। आइतबार बिहान नेपाल पुलिस क्लब र कोशी प्रदेशले खेल्ने सनस्टार युवा क्लबका अध्यक्ष पूर्ण केसीले जानकारी दिए। प्रतियोगितामा पहिलो हुनेले पाँच लाख राशीको पुरस्कारसहित सनस्टारकप जित्नेछन्। त्यस्तै दोस्रो हुनेले दुई लाख पचास हजार, तेस्रो हुने टिमले एक लाख र सान्त्वना हुने टिमले पचास हजार रुपैयाँ हातपार्ने क्लबका अध्यक्ष पूर्ण केसीले जानकारी दिए।

प्रधानमन्त्री कप लुम्बिनी प्रदेशस्तरीय छनोटः

# रूपन्देही र दाङ फाइनलमा

भैरहवा। रुपन्देही र दाङ प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि लुम्बिनी प्रदेशस्तरीय छनोट खेलमा फाइनल प्रवेश गरेका छन्। छनोटअन्तर्गत शनिबार भएका दुई सेमिफाइनल खेलमा रुपन्देहीले बर्दियालाई १ सय ४२ रन र दाङले पश्चिम नवलपरासीलाई ८ विकेटले पराजित गर्दै फाइनल प्रवेश गरेका हुन्। यी दुई टिमबीच आइतबार उपाधिका लागि स्पर्धा हुनेछ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको खेलमा टस हारेर ब्याटिङको निम्तो पाएको रुपन्देहीले निर्धारित ५० ओभरमा ९ विकेटको नोक्सानीमा २ सय ४१ रनको बलियो योगफल खडा गर्यो। उसका लागि विप्रशन केसीले ४८, कृष्ण कार्कीले ४२, मनिष थापाले ३०, प्रज्ज्वल थापाले २०, देव खनालले १९, मिर्नाल गुरुङले १६ र सन्देश थापाले १५ रनको योगदान गरे। बलिङमा बर्दियाका निर्मल गुरुङले ३, नितेश न्यौपाले र आकाश खत्रीले २-२ तथा सौगात खत्री र ट्राभिस जैशीले १-१ विकेट लिए। जवाफी ब्याटिङ गरेको बर्दिया ३२ ओभर ५ बलमा ९९ रन बनाउँदा अलआउट भयो। उसलाई सस्तैमा रोक्न बलिङमा रुपन्देहीका अजय चौहान र विप्रशन केसीले ३-३, रमेश कुर्मीले २ तथा कृष्ण कार्की र सन्देश थापाले १-१ विकेट लिए।

बर्दियाका नितेश न्यौपानेले २५, ट्राभिस जैसीले १५ र सौगात खत्रीले ११ रन बनाए पनि अन्य ब्याटरले दोहोरो अंकमा रन बटुल्न नसक्दा टिमको फाइनल यात्रा टुंगियो। खेलमा विप्रशन केसी प्लेयर अफ द म्याच भए।

यस्तै, तिलोत्तमाको एक्स्ट्राटेक ओभल क्रिकेट मैदानमा भएको अर्को सेमिफाइनलमा टस हारेर ब्याटिङ गरेको नवलपरासीले निर्धारित ५० ओभरमा २७ ओभर ५ बल खेल्दै सबै विकेट गुमाएर जम्मा ८० रन मात्रै बनायो। उसलाई सस्तैमा रोक्न बलिङमा दाङका शुभम खनालले ४, दिनेश बोहराले ३, वीरबहादुर घर्तीले २ तथा राजकुमार कुमालले १ विकेट लिए। नवलपरासीका जितेन्द्र साहनीले १९, रन्जित खत्री खड्काले १४ र इकलाख वारिसले १२ रन बनाए पनि अन्य ब्याटर चल्न नसक्दा टिमले हार व्यहोर्यो।

प्रतिउत्तरमा झिनो लक्ष्य पछ्याएको दाङले ११ ओभर १ बलमा २ विकेटको नोक्सानीमा ८१ रन बनाउँदै जित निकाल्दै फाइनल पुग्यो। उसको जितमा दिनेश बोहराले अविजित ३२ र सुशान्तसिंह थापाले नटआउट १९ रनको योगदान गरे। बलिङमा नवलपरासीका ओमकार यादव र करण विकले १-१ विकेट लिए। खेलमा दाङका दिनेश बोहरा प्लेयर अफ द म्याच भए।

यही फागुन २५ देखि भैरहवाको सिद्धार्थ रंगशाला, तिलोत्तमाको एक्स्ट्राटेक र लमही राष्ट्रिय क्रिकेट मैदानमा प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिता हुँदैछ। उक्त प्रतियोगिताका लागि लुम्बिनी प्रदेशस्तरीय टिम छनोटका लागि जिल्लास्तरको छनोट खेल भएको हो। प्रतियोगिताबाट प्रत्येक जिल्लाका उत्कृष्ट खेलाडी छनोट गरी लुम्बिनी प्रदेशको एउटा टिम बनाइने प्रादेशिक क्रिकेट संघ लुम्बिनी प्रदेशका अध्यक्ष सञ्जय गुरुङले बताए।

# प्रतियोगिताको उपाधि सगरमाथा आवासीयलाई



देवदह। रुपन्देहीको देवदहमा आयोजित तेश्रो अन्तरविद्यालयस्तरीय उपमेयर छात्रा भलिबल प्रतियोगिताको उपाधि सगरमाथा आवासीय माविले जितेको छ।

अत्यन्तै प्रतिस्पर्धात्मक फाइनल खेलमा सगरमाथाले देवदह बुद्धपब्लिक आवासीय माविलाई ३-१ को सेटमा पराजित गर्दै उपाधि जितेको हो। फाइनल खेलको पहिलो सेट २८-२६ को अन्तरले बुद्ध पब्लिकले हात पारे पनि बाँकी ३ सेट २५-१३, २५-१३ र २८-२६ को अन्तरले पराजित गरि सगरमाथाले उपाधि जितेको हो। दोस्रो उपमेयर कपको उपाधि समेत जित्न सफल भएको सगरमाथाले तेस्रो उपमेयर कप उपाधि पनि हात पारेको छ।

उपाधि जितेसँगै सगरमाथा मावासीय माविले नगद ४० हजार, शिल्ड मेडल र प्रमाणपत्र प्राप्त गरेको छ। त्यस्तै प्रतियोगितामा उपविजेता बनेको देवदह बुद्धपब्लिक आवासीय माविले नगद ३० हजार, शिल्ड मेडल र प्रमाणपत्र प्राप्त गरेको छ। प्रतियोगितामा देवदह बोर्डिङ् स्कुल तृतीय भएको छ।

तेश्रो स्थानको लागि भएको खेलमा देवदह बोर्डिङ् स्कुलले केरवानी माध्यमिक विद्यालयलाई ३-१ को सेटमा पराजित गर्दै देवदह बोर्डिङ् स्कुलले तृतीय स्थान हासिल गरे हो। तृतीय भएसँगै देवदह बोर्डिङ् स्कुलले नगद २० हजार, शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ।

त्यस्तै प्रतियोगितामा सान्त्वना भएको केरवानी माविले नगद १० हजार, मेडल प्राप्त गरेको नगर खेलकुद विकास समितिका सदस्य सचिव पर्शुराम ढकालले जानकारी दिए।

प्रतियोगितामा वेस्ट सर्भर बुद्ध पब्लिकका आकृती रोका, वेस्ट डिफेन्स बुद्ध पब्लिककै बबिता तामाङ, वेस्ट सेटर सगरमाथाका सम्झना पल्ली, वेस्ट स्पाइकर सगरमाथाका मुना गुरुङ, वेस्ट ब्लकर बुद्ध पब्लिकका आर्जु विश्वकर्मा, वेस्ट प्लेयर सगरमाथाका विष्णु पोखेल, अनुशासित खेलाडी देवदह इङ्ग्लिस बोर्डिङ् स्कुलका सिमा थापासारु, उदयमान खेलाडी बुद्ध पब्लिककी नविता तामाङ र उत्कृष्ट कोच सगरमाथाका सुजाता राना भएको खेलकुद विकास समितिका सदस्य मिलन मास्की रानाले जानकारी दिए।

प्रतियोगितामा मैत्रीपूर्ण खेलमा शिक्षकको टिम विजयी भएको छ। नगरपालिकाका कर्मचारी र शिक्षकहरुबिच भएको मैत्रीपूर्ण खेलमा कर्मचारीलाई सोझो सेटमा पराजित गर्दै शिक्षकको टिम विजेता बनेको हो। प्रतियोगिताका विजेता टिमलाई नगरप्रमुख ध्रुवप्रसाद खरेल, उप-प्रमुख विद्यालक्ष्मी गुरुङ, नगर खेलकुद विकास समितिका संयोजक कमलप्रसाद पाण्डेलगायतले पुरस्कार प्रदान गरेका थिए।

विजेता खेलाडीहरुलाई पुरस्कार वितरण कार्यक्रमका बोल्दै नगर प्रमुख खरेलले खेलको माध्यमबाट देवदहको पहिचान स्थापित गर्न सकिने बताउँदै विद्यार्थीहरुमा रहेको प्रतिभा प्रफुस्टनको अवसर प्रदान गर्ने विश्वास व्यक्त गरे।

नगर उपप्रमुख विद्यालक्ष्मी गुरुङले धन्यवाद ज्ञापन गर्दै छात्राहरुलाई पनि खेल क्षेत्रमा प्रोत्साहन गर्न प्रतियोगिताले सहयोग पुगेको दाबी गरिन। पछिल्लो समय छात्र मात्र नभएर छात्राहरु पनि खेल क्षेत्रमा प्रवेश गरी देश विदेशमा नाम रोशन गर्न सफल भएको उनले औंल्याइन।

कार्यक्रममा देवदह बुद्ध पब्लिकका कृष्णप्रसाद गैरे, सगरमाथा आवासीय माविका कृष्णप्रसाद पौडेल र नगर शिक्षा समितिका सदस्य मित्रलाल न्यौपानेलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए। नगर खेलकुद विकास समितिका संयोजक कमलप्रसाद पाण्डेको अध्यक्षता र सदस्य सचिव पर्शुराम ढकालको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।

## लुम्बिनीलाई...

बैंकिङसम्बन्धी कुनै समस्या परेमा शाखा कार्यालय धाउनु नपर्ने गरी डिजिटल च्याटबटबाट समाधान दिने एप प्रयोगमा ल्याएर ग्राहकलाई सन्तुष्ट बनाएको नायव प्रमुख कार्यकारी अधिकृत लोकराज पनेरुले बताए। 'मोफसलमा रहेर पनि ठूला वाणिज्य बैंक सरह उत्कृष्ट सेवा दिएर ग्राहकलाई सन्तुष्ट बनाएका छौं, त्यसैले दुई-दुई पटक बेस्ट म्यानेज्ड डेभलपमेन्ट बैंको अवार्ड जित्यौं यो नै हाम्रो बलियो पक्ष हो।'- पनेरुले भने।

७२ करोड ६४ लाख कर दाखिला

बैंकले आर्थिक वर्षमा २०८०/०८१ मा ब्याजकर, पारिश्रमिक कर लगायत अन्य शीर्षकमा गरी श्रोतमा कर कट्टीतर्फ रु. ३५ करोड ५७ लाख ८० हजार, आयकरतर्फ रु. ३७ करोड ०६ लाख ६६ हजार गरी कुल रु ७२ करोड ६४ लाख ४६ हजार सरकारी कोषमा जम्मा गरेको छ। चालु आ.व. २०८१/८२ को पौष मसान्तसम्म अग्रिम आयकरतर्फ रु १७ करोड ९८ लाख ७३ हजार र ब्याजकर, पारिश्रमिक कर, लाभांश करलगायत अन्य शीर्षकमा गरी श्रोतमा कर कट्टीतर्फ रु. १६ करोड ९३ लाख ६४ हजार गरी कूल ३४ करोड ९२ लाख ३७ हजार जम्मा गरिएको छ। बैंकमा ९७० जना कर्मचारी कार्यरत छन्।

उत्कृष्टताका विभिन्न अवार्ड प्राप्त

बैंकले आर्थिक वर्ष २०८०/०८१ मा इण्डियन च्याम्बर अफ कमर्सवाट आयोजित दोस्रो इमर्जिङ एशिया बैंकिङ अवार्डमा बेस्ट पर्फमेन्स अन प्रोफिटाबिलिटी, बेस्ट पर्फमेन्स अन ग्रोथ र बेस्ट बैंक शिर्षकमा रनर उपाधिबाट सम्मानित भएको थियो।

यस्तै नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा नेसनल बेस्ट प्रेसिडेन्टल एनुअल रिपोर्ट अवार्ड २०२३ मा सर्टिफिकेट अफ मेरिट र न्यू बिजनेश एज प्रा.लि. बाट बेस्ट म्यानेज्ड डेभलपमेन्ट बैंक अफ दि इअर २०२४ वाट सम्मानित भएको थियो।

१६ हजार वृक्षरोपण

सामाजिक उत्तरदायित्वअन्तर्गत बैंकले गो ग्रीन प्रोजेक्टअन्तर्गत आर्थिक वर्ष २०८०/८१ मा विभिन्न प्रजातीका एक हजार रुख बिरुवा रोपेको छ। आर्थिक वर्ष २०७९/८० मा १५ हजार रुख बिरुवा रोपिएकोमा कूल १६ हजार रुख बिरुवा रोपी सोको संरक्षण समेत गर्दै आएको बैंकले जनाएको छ।

११५ वटा वित्तीय साक्षरता कार्यक्रम

वित्तीय साक्षरतातर्फ आर्थिक वर्ष २०८०/८१ मा बैंकले विभिन्न स्थानहरुमा ११५ वटा कार्यक्रमहरु गरेको छ। उक्त कार्यक्रममा ५,९८३ कर्मचारी, किसान, साना तथा मझौला व्यवसायी, सम्भावित बैदेशिक रोजगारीमा जाने कामदार, विद्यार्थी, रेमिटेन्स प्राप्तकर्ताहरू र युवाहरूको प्रत्यक्ष सहभागिता रहेको थियो।

यस्तो छ मर्जर इतिहास

२०६५ फागुन ११ गतेदेखि बुटवलमा केन्द्रीय कार्यालय राखेर कारोबार सुरु गरेको शाइन डेभलपमेन्ट बैंक र गुल्मीको रेसुङ्गा विकास बैंकबिच २०६९ चैत ४ मा मर्जर भई शाइन रेसुंगा डेभलपमेन्ट बैंक बनेको थियो। त्यसपछि २०७३ जेठ २९ मा प्यूठानकोगौमुखी विकास बैंक लिमिटेडसँग मर्जर भयो भने २०७६ असोज २७ गते भैरहवाको पूर्णिमा विकास बैंक र नेपालगञ्जको भार्गव विकास बैंकलाई प्राप्ती गरेको थियो।

बैंकले २०७६ मंसिर १० गते राष्ट्रियस्तरको विकास बैंकको इजाजतपत्रप्राप्त गरेको थियो।


अनुसूची-१५

(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)

## काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

सूचना प्रकाशन मिति २०८१/११/११

रहतावल सामुदायिक वन उपभोक्ता समूह, शिवराज न.पा.-०३ र ०५ कपिलवस्तुको वन क्षेत्र बाट नियमानुसार आ.व.२०८०/०८१ मा संकलन गरी उत्पादन भएका काठ/दाउरा तथा २०७९/०८० मा उत्पादन भई जिल्ला वन पैदावार आपुर्ति समितिबाट फिर्ता भएको काठ/दाउरा सा.व.उ.स.को घाटगद्दीमा लट बनाई राखिएको साल लगायत जातको गोलिया थान १९८१ को १५८२३.०८ क्यु.फि. काठ र साल लगायत जातको ३५ चट्टा दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। रितपुगेका इच्छुक वन पैदावारमा आधारित (काठ/दाउरा) संचालनमा रहेका उद्योगहरुले मात्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन सम्ममा बोल पत्र खरिद गरि २२ औं दिन भित्रमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण ब्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री रहतावल सामुदायिक वन उपभोक्ता समूह**

**शिवराज न.पा -०३ र ०५ कपिलवस्तु**



## श्री दर्शन बहुउद्देश्यीय सहकारी संस्था लि.

**सि.न.पा.-१२, देवकोटा चोक (एस.आर. कम्प्लेक्स) फोन नं.: ०७१- ५७३७९६, ५७५९९६**

## धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्री हुने गोप्य बोलपत्र आव्हान सहीत पुन १५ दिने अत्यन्त जरुरी सूचना

दोस्रो पटक प्रकाशित मिती : २०८१।११।११ गतेको राष्ट्रिय दैनिक लुम्बिनीमा

यस संस्थाका शेयर सदस्य तँपाई सन्तोष मुराउ ज्यूले कर्जा लिई कारोवार गर्नु भएको र ऋण लिने बेलामा गरेको लिखित सम्झौता समेत भंग गरी बारम्बार मौखिक तथा टेलिफोनबाट पटक पटक ताकेता गर्दा र संस्थाबाट पत्र समेत काटदा पनि अटेर गरी कर्जा तिर्न तर्फ कुनै चासो नदेखाई संस्थालाई बुझाउनु पर्ने साँवा, ब्याज रकम तिर्न बुझाउन आलटाल बेवास्ता गर्नु भएकोले सहकारी नियमावली २०७५ को नियम ३० (क) बमोजिम मिती २०८१।५।२८ गते राष्ट्रीय दैनिक लुम्बिनीमा ऋण चुक्ता गर्न आउनु अन्यथा धितो लिलाम हुने भनी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋण रकमको साँवा, ब्याज, हर्जाना लगायत अन्य दस्तुर भुक्तान नगरी बेवास्ता गरी बसेको हुंदा कर्जा असुलीका लागी यस संस्थामा कर्जा सुरक्षण वापत धितो बन्धक रोक्का रहेको तपसिलमा उल्लेखीत चल अचल सम्पत्ति जे जस्तो अवस्थामा छ, सोही अवस्थामा खुल्ला बोल कबोल प्रक्रियाद्धारा लिलाम बिक्री गरी यस संस्थामा लिन बाँकी रकम असुल उपर गरी लिने भएकोले धितो लिलाम बिक्री गर्ने सम्बन्धी मिति २०८१।०९।१६ मा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरीएकोमा बढाबढका लागि कुनै बोलपत्र नआएकोले पुनः १५ दिन धितो लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यस सूचनालाई समेत बेवास्ता गरी तोकिएको समय सम्म कर्जा चुक्ता हुन नआएमा उक्त सूचना प्रकाशित भएको मितिले १६ औं दिन यसै सहकारी संस्थाको कार्यालयमा धितो लिलाम बढाबढ गरिने ब्यहोरा जानकारी गरिन्छ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|---|
| १ | ऋणीको नाम : सन्तोष मुराउ<br>बाबुको नाम : जनार्दन कोइरी<br>बाजेको नाम : हरिद्वार कोइरी<br>स्थायी ठेगाना : पोखरभीण्डी - ६,<br>ना.प्र.नं. : ३७३०१० / १३९<br>जारी मिती : २०६३।१२।१९ (रुपन्देही) | ऋणी सदस्यको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा दर्ता श्रेष्ता कायम रहेको कित्ता नं. ३५४ क्षेत्रफल १-०-० - पजरकट्टी -२) |

**धितो लिलामका शर्तहरु**

१. संस्थाले तोकिएको मूल्य भन्दा बढी रकम कबोल गर्ने ब्यक्ति वा संस्थाले आफुले कबोल गरेको रकमको १०% रकम सोही दिन संस्थामा जम्मा गर्नु पर्नेछ।
२. सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति वा संस्थालाई उक्त सम्पत्ति दिने वा नदिने सम्पुर्ण अधिकार यसै संस्थामा निहीत हुनेछ।
३. लिलाम सकार गर्ने व्यक्ति वा संस्थाले सकार गरी स्वीकृती लिएको ७ दिन भित्र सम्पुर्ण रकम भुक्तानी गरी सक्नु पर्नेछ। तोकीएको समय भित्र सम्पुर्ण रकम जम्मा नगरेमा धरौटी वापत जम्मा गरीएको रकम स्वतः जफत हुनेछ।
४. लिलाम विक्री हुने अचल सम्पत्तिको सम्पुर्ण कागजात कार्यालय समय भित्र सम्पर्क राखी हेर्न सकिनेछ।
५. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति नामसारी दाखिल खारेज गर्दा लाग्ने राजस्व लगायतका अन्य सम्पुर्ण शुल्क दस्तुर बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।
६. धितो लिलामी मिति २०८१/११/२६ गते संस्थाको कार्यालयमा कार्यालय समय भित्र हुनेछ। उक्त दिन सरकारी विदा वा कुनै कारणवश कार्यालय विदा परेमा सो दिनको भोली पल्ट पुनः लिलामीको कार्य हुनेछ।



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३



**रातो माटोको जंगलः**
रोल्पाको सुनिल स्मृति गाउँपालिका-१ स्थित घोडागाउँको जङ्गलमा रहेको रातो माटोको चौर र स-साना ढिस्को । अनौठो भू-बनोट भएकाले यस क्षेत्र आन्तरिक पर्यटकहरूका लागि पर्यटकीयस्थल बनेको छ । तस्विरः कुलदीप न्यौपाने/रासस

# लुम्बिनी प्रदेशका सबै विद्यालयमा नर्स कार्यक्रम गरिने



**कृष्ण पोखरेल**
*पाल्पा*

लुम्बिनी प्रदेश स्वास्थ्यमन्त्री खेमबहादुर सारुले आगामी वर्षदेखि लुम्बिनी प्रदेशका सबै विद्यालयमा नर्स कार्यक्रम सञ्चालन गरिने बताएका छन् ।

पाल्पा प्यारागन बोर्डिङ् स्कुल तानसेन पाल्पाको २५औं वार्षिकउत्सव, अविभावक दिवस एवं रजतजयन्तीको समारोहलाई सम्बोधन गर्दै स्वास्थ्यमन्त्री सारुले, विद्यालय शिक्षालाई स्वास्थ्य मैत्रीबनाउँदै गुणस्तरीय शिक्षालाई प्राथमिकता दिन प्रदेश सरकारले आगामी वर्षदेखि प्रदेशभरीका विद्यालयहरुमा घुमन्ते नर्स अभियान सञ्चालनको तयारीमा प्रदेश सरकार लागिपरेको स्वास्थ्यमन्त्री सारुले बताए

विद्यालय शिक्षालाई स्वास्थ्यसहितको दिगो शिक्षा बनाउन, सबै बालबालिकाहरुलाई सबै किसिमबाट विद्यालयको पहुँचमा ल्याउन, स्वास्थ्य समस्याका कारण बालबालिकाहरुको कक्षा छोड्ने दर घटाउन लुम्बिनी प्रदेश सरकारले यो अभियान सञ्चालन गर्न लागेको स्वास्थ्यमन्त्री सारुले जोड दिए । जनताको सुविधालाई ध्यानमा राखी मुटु, क्यान्सर र मृगौला रोगीहरुले प्रदेश सरकारबाट पाउने २ लाख रुपैयाँको उपचार खर्च सिफारिस लिन प्रदेश राजधानी दाङ भालुवाङ नै जानुपर्ने बाध्यताको ऐन नियम, कार्यविधि परिवर्तन गरेर अहिले जिल्ला जिल्लामा स्वास्थ्य कार्यालयबाटै सिफारिसको व्यवस्था मिलाएको स्वास्थ्यमन्त्री सारुले बताए ।

विद्यालय शिक्षा बालबालिकाको सम्पूर्ण सिकाइको जग र क्षेत्र भएकोले विद्यालयले पढाइ सँगसँगै अन्य किसिमका कार्यक्रमहरु सञ्चालन गरी विद्यार्थीको चौतर्फी विकासमा ध्यान दिनुपर्ने स्वास्थ्यमन्त्री सारुले जोड दिए । पाल्पा प्यारागन स्कुलले बालबालिकाको नेतृत्व क्षमता विकासको लागि स्काउट, खोज तथा अनुसन्धान क्लब, आत्मरक्षासहितको खेलकुद कार्यक्रम, विद्यालयभित्रै साहित्य क्लब, वातावरण तथा पर्यटन क्लब, जस्ता कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गर्दै आएको मन्त्री सारुले प्रशंसा व्यक्त गरे ।

विद्यालय शिक्षालाई गुणस्तरीय बनाउन, वालबालिकाहरुलाई सही बाटोमा हिडाउन विद्यालय व्यवस्थापन समिति, शिक्षक कर्मचारी, अविभावकहरुको आफ्नो जिम्मेवारीअनुसार काम गर्नुपर्नेमा स्वास्थ्यमन्त्री सारुले जोड दिए । देशमा अहिले केही पनि भएको छैन, सबै खराबै खराब छ भनेर नकारात्मक प्रचारभन्दा तुलना गरेर पहिले के थियो अहिले के भएको छ सही विश्लेषण तथा खोज अनुसन्धान गरेर मात्र आफ्ना धारणाहरु सार्वजनिक गरी समाजमा सकारात्क सोच ल्याउनु पर्नेमा मन्त्री सारुले जोड दिए । विद्यालयमा बालबालिकाहरुलाई संस्कार सिकाउनु पर्ने, राम्रो संस्कार सिकेको बालबालिकाले सकारात्मक सोंच राख्ने, सकारात्क सोंचबाट नै राम्रो काम हुने, राम्रो कामबाट नै राम्रो नतिजा आउने स्वास्थ्यमन्त्री सारुले जनाए । मन्त्री सारुले विद्यालयको रजतजयन्ती स्मारिक समेत विमोचन गरे ।

रजतजयन्तीलाई सम्बोधन गर्दै पाल्पा प्याव्सनका अध्यक्ष डासुराम पन्त, तानसेन नगरपालिका ३ नं. वडा अध्यक्ष बाबुरत्न शाक्य, साहित्यकार राजेन्द्रगोपाल सिंहलगायतले निजी क्षेत्रबाट विद्यालय सञ्चालन गर्न कठिन भएको समयमा २२ जना शिक्षककर्मचारी राखेर तानसेनमा गुणस्तरीय शिक्षा प्रदान गरी नमूना विद्यालयको रुपमा परिचित भएको बताए ।

रजतजयन्तीको अवसरमा विद्यालयका शिक्षककर्मचारी, विद्यालय सञ्चालकहरु, शेयर सदस्यहरु, विभिन्न विधामा विजयी तथा उत्कृष्ट भएका विद्यार्थीहरु, अविभावक, जेष्ट नागरिक, पत्रकार तथा वार्षिक परीक्षामा प्रथम, द्वितीय र तृतिय भएका बालबालिकाहरुलाई सम्मान तथा पुरस्कृत गरिएको थियो । कार्यक्रममा विद्यालयमा प्रधानाध्यापक गंगाबहादुर खत्रीले विद्यालयको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै विद्यालयले गरेको गतिविधि, विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक गतिविधि प्रस्तुत गरेका थिए । रजतजयन्ती विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जगदिश भट्टराईको अध्यक्षता, कक्षा ५ की विद्यार्थी ओजस्वी पाण्डेको स्वागत र विद्यार्थीद्वय केकी बस्याल र आरती बस्यालको सञ्चालनमा भएको थियो । कार्यक्रममा बालबालिकाहरुले विभिन्न साँस्कृतिक कार्यक्रमहरु प्रस्तुत गरेका थिए ।

# एक महिने ब्युटिसियन तालिम समापन



**राधिका भुसाल**
*प्यूठान*

महिला उद्यमशीलता तथा सीप विकास तालिमअन्तरगत एक महिने एड्भान्स ब्युटिसियन तालिम शनिबार समापन भएको छ । 'उद्यमशील संस्कृति, राष्ट्रको सम्पती' भन्ने नाराका साथ घरेलु तथा साना उद्योग कार्यालय प्यूठानको आयोजनामा माघ १२ गतेबाट तालिम सञ्चालन भएको थियो ।

प्यूठान नगरपालिका ४ स्थित होटल आयुष्मा जुम्रीमा तालिमको समापन गरिएको हो । समापन कार्यक्रमलाई सम्बोधन गर्दै लुम्बीनी प्रदेशसभा सदस्य एवं कार्यक्रमका प्रमुख अतिथि माननीय सांसद धनलक्ष्मी श्रेष्ठले अहिलेको समाज परिवर्तन भइसकेको हुँदा समाजले खोजे अनुसारको जनशक्ति उत्पादन हुनुपर्ने बताइन । 'ब्युटिसियन व्यवसाय सेवामूलक व्यवसाय भए पनि आफू आत्मनिर्भर हुनसक्ने क्षेत्र हो,' सांसद श्रेष्ठले भनिन्-'शहर बजारदेखि ग्रामीण क्षेत्रमा समेत ब्युटिसियनको खोजी हुन थालेकोले जुनसुकै ठाउँमा पनि व्यवसाय सञ्चालन गर्न सकिन्छ ।' शिक्षा र सीप कुनै निश्चित ठाउँमा गएर नरोकिने हुँदा आफ्नो दक्षतालाई बढाउँदै सानो लगानीमा भए पनि व्यवसाय सुरु गर्न सकिने उनले बताइन ।

उनले विगतका दिनमा होजियारी र सिलाइकटाइ सिकेका उद्यमीहरु हराए जसरी नहराउन आग्रह गर्दै आफूसँग जति सीप छ त्यतिबाटै व्यवसाय सुरु गर्न सुझाव समेत दिइन् । 'सेवामूलक क्षेत्र भएकाले सीप विकाससँगै बोली, व्यवहारको शैली पनि राम्रो विकास गर्नुपर्ने हुन्छ,' सांसद श्रेष्ठले भनिन्-'जति काम गर्दै गयो आफूमा त्यति नै निखारता थपिँदै जाने हुँदा थोरै सरसामान जुटाएर भए पनि सबै जनाले व्यवसाय सुरु गर्नुहोला ।'

आगामी आर्थिक वर्षमा महिलाहरुलाई आत्मनिर्भर हुने खालका क्षेत्रहरु पहिचान गरी बजेट व्यवस्थापन गर्ने प्रतिबद्धता समेत उनले व्यक्त गरिन् । यससँगै दैनिक रुपमा विदेशीयका युवाहरुलाई रोक्नका लागि कार्यक्रमहरु ल्याउने उनको भनाइ छ ।

कार्यक्रममा बोल्दै घरेलु तथा साना उद्योग महासंघ प्यूठानका अध्यक्ष नविन प्रकाश श्रेष्ठले आत्मनिर्भर हुनसाथ महिला हिंसा र घरेलु हिंसाको सिकार बन्न नपर्ने बताए । 'पछिल्लो समय ब्युटिपार्लर निकै सम्भावना भएको व्यवसाय हो,' अध्यक्ष श्रेष्ठले भने-'आफूले सिकेको सीपलाई सदुपयोग गर्नासाथ आम्दानीको बाटो खुल्न थाल्छ ।' दिर्घकालिन रुपमा ब्युटिसियनहरुको माग बढ्दै जाने हुँदा व्यवसाय सुरु गर्न श्रेष्ठले सुझाव समेत दिए ।

घरेलु तथा साना उद्योग कार्यालय प्यूठानका निमित्त प्रमुख मनिबहादुर गुरुङले थोरै बजेटमा निकै मितव्ययिता अपनाएर उद्यमीहरु उत्पादन गरिरहेको बताए । 'स्थानीय सरकार र घरेलुले सञ्चालन गर्ने तालिमहरुमा दोहोरोपना देखिएको छ,' प्रमुख गुरुङले भने-'आधारभूत तालिम जति स्थानीय सरकारले गर्ने र एड्भान्स तालिम घरेलुले गर्ने भएमा यो समस्या आउने थिएन ।' तालिमका लागि तालिम भन्ने जस्तो नगरी सीप सिकेर आफूलाई आत्मनिर्भरताको बाटोमा लाग्न सबै प्रशिक्षार्थीहरुलाई आग्रह समेत उनले गरेका छन् ।

जिल्लाका विभिन्न ठाउँबाट तालिममा १५ जना सहभागी भएका थिए । प्यूठान नगरपालिका ४ विजुबारस्थित पिंक ब्युटिपार्लर तथा ट्रेनिङ सेन्टरका सञ्चालक विञ्जु श्रेष्ठले तालिमको प्रशिक्षण दिएकी थिइन् । घरेलु तथा साना उद्योग कार्यालयका कर्मचारी चम्पक श्रेष्ठको स्वागत मन्तव्यसँगै सुरु भएको कार्यक्रमको सञ्चालन सहजकर्ता संगिता नेपालीले गरिकी थिइन ।

# सेना दिवसमा 'रन फर फन' प्रतियोगिता

लुम्बिनी । महाशिवरात्रि तथा २६२औँ सेना दिवस २०८१ का अवसरमा नेपाली सेना तारा दल गण, बुटवलले शनिबार यहाँ 'रन फर फन २०८१' प्रतियोगिताको आयोजना गरेको छ । नेपाली सेनाले सेना दिवसमा आयोजना गरेको यस प्रतियोगितामा मनोरञ्जन, स्वास्थ्य र सामाजिक सहभागितालाई महत्व दिइएको थियो ।

प्रतियोगितामा यस क्षेत्रका व्यावसायिक तथा सामाजिक क्षेत्रका प्रतिनिधिहरु, स्थानीय तहका जनप्रतिनिधिहरु, सुरक्षा निकायका प्रतिनिधिहरु र विद्यार्थी, खेलाडीहरु र सञ्चारकर्मीको सहभागिता थियो । दौड प्रतियोगिता १० किलोमिटर र पाँच किलोमिटर पुरुष र महिलाको अलग अलग प्रतिस्पर्धा गराइएको थियो । सोमध्ये पुरुषतर्फ १० किमी नेपाली सेनाको कृतिदल गणका अशोक सुनार प्रथम, गोरखदल गणका धीरज योगी द्वितीय र कालिशक्ति गण(इञ्जिनियरिङ)का नवीन परियार तृतीय भएका हुन् । यस्तै महिलातर्फ १० किमी तारादल गणकी शर्मिला खड्का प्रथम, कृतिदल गणकी रेखा घर्ती द्वितीय र गोरखदल गणकी सुनिता विक तृतीय भएका हुन् । प्रतियोगिताअन्तर्गत पाँच किमी पुरुषतर्फ शान्ति नमूना माविका रामु गौडेल प्रथम, उजिर सिंह माविका सविन सुनार द्वितीय र अक्सफोर्ड स्कुलका देवबहादुर क्षेत्री तृतीय भएका छन् । यस्तै पाँच किमी महिलातर्फ भने उजिरसिंह माविकी झरना परियार प्रथम, सैनिक आवासीय माविकी अनुष्का आचार्य द्वितीय र उजिर सिंह माविकी रचना अर्याल तृतीय भएका थिए ।

यस्तै पाँच किलोमटिर वाकथनतर्फ नेपाली सेनाका २२ नम्बर बाहिनीपति सहायक रथी पुरुषोत्तम खड्का प्रथम भएका छन् । वाकथनमा रुपन्देहीका सरकारी कार्यालय प्रमुख, सुरक्षा निकायमा प्रमुख, नागरिक समाजका प्रतिनिधि, जनप्रतिनिधि, सामाजिक कार्यकर्ता र व्यावसायिक सङ्घसंस्थाका अगुवा सहभागी भएका थिए ।

विजयी खेलाडीहरुलाई बुटवल उप-महानगरपालिकाका उप-प्रमुख सावित्रा देवी अर्याल, सहायकरथी खड्का, बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्यालले विजयीलाई मेडल, प्रमाणपत्र र नगद पुरस्कार प्रदान गरेका थिए । शिवरात्रि र सेना दिवस पारेर नागरिकसित सम्बन्ध थप बिस्तार गर्ने र लागि 'रन फर फन' कार्यक्रम आयोजना गरिएको सहायक रथी खड्काले बताए । तारादल रामनगरका गणपति सुवर्ण खड्काले सुरक्षाकर्मी मात्र शारीरिक रुपमा तन्दुरस्त नरहेर आमनागरिक पनि आफ्नो स्वास्थ्यप्रति सचेत हुनुपर्ने सन्देश दिन र नागरिकसित सेनाको सम्बन्ध विस्तारका लागि कार्यक्रम आयोजना गरिएको बताएका थिए ।

# वैदेशिक व्यापारमा आठ खर्ब ६१ अर्ब घाटा

काठमाडौँ । चालु आर्थिक वर्षको माघ मसान्तसम्ममा मुलुकले कुल रु ११ खर्ब १५ अर्ब ७९ करोडको वैदेशिक व्यापार गर्दा रु आठ खर्ब ६१ अर्ब ३८ करोड घाटा व्यहोरेको छ ।

भन्सार विभागले सार्वजनिक गरेको माघ मसान्तसम्मको वैदेशिक व्यापारको अवस्था प्रतिवेदनअनुसार यो अवधिमा रु नौ खर्ब ८८ अर्ब ५८ करोडको आयात र रु एक खर्ब २७ अर्ब २० करोडको निर्यात भएको हो । विभागका अनुसार गत आर्थिक वर्षको सोही अवधिको तुलनामा चालु आर्थिक वर्षमा आयात १० दशमलव ०९, निर्यात ४६ दशमलव ५० र कूल वैदेशिक व्यापार १३ दशमलव ३० प्रतिशतले बढेको छ । त्यस्तै, गत आर्थिक वर्षको तुलनामा समीक्षा अवधिमा कुल वैदेशिक व्यापारघाटा छ दशमलव २० प्रतिशतले बढेको छ । कूल वैदेशिक व्यापारमा आयातको हिस्सा ८८ दशमलव ६० र निर्यातको हिस्सा ११ दशमलव ४० प्रतिशत रहेको छ ।

सबैभन्दा ठूलो व्यापार साझेदार भारतसँग मात्र नेपालले यो अवधिमा रु चार खर्ब ९८ अर्ब ३४ करोड व्यापार घाटा व्यहोरेको विभागको तथ्याङ्कबाट देखिन्छ । चालु आर्थिक वर्षको माघ मसान्तसम्ममा भारतबाट रु पाँच खर्ब ९६ अर्ब ३५ करोडको वस्तु आयात हुँदा रु ९८ अर्ब ७५ करोड बराबरको निर्यात भएको छ । त्यस्तै, चीनसँगको व्यापार घाटा रु एक खर्ब ९० अर्ब ४४ करोड बराबर छ । पछिल्लो सात महिना अवधिमा चीनबाट रु एक खर्ब ९२ अर्ब ४५ करोडको वस्तु आयात हुँदा रु दुई अर्बको मात्रै निर्यात भएको छ । अर्जेन्टिना, युक्रेन, संयुक्त अरब ईमिरेट्स, अस्ट्रेलियालगायत मुलुकसँगको व्यापारघाटा उच्च छ । नेपालले ३५ वटा मुलुकसँगको वैदेशिक व्यापारमा नाफा गरिरहेको छ । चालु आर्थिक वर्षको माघ मसान्तसम्ममा सबैभन्दा धेरै व्यापार नाफा अफगानस्तानसँग छ । अफगानस्तानसँग सात महिनामा रु एक करोड २४ लाखको आयात र रु ५९ करोड ४५ लाखको निर्यात भएको छ । डेनमार्क, रसियन फेडेरेसन, अस्ट्रिया, नर्वे, माल्दिभ्सलगायत देशहरुसँग व्यापार नाफा बढी रहेको छ ।

विभागको तथ्याङ्कअनुसार माघ मसान्तसम्म सबैभन्दा धेरै पेट्रोलियम पदार्थको आयात भएको छ । यो अवधिमा रु २९ अर्ब ४५ करोड १६ लाखको डिजेल, रु २४ अर्ब ५८ करोड ३२ लाखको पेट्रोल र रु छ अर्ब ६१ करोड ६५ लाखको एलपि ग्यास आयात भएको छ । त्यस्तै, रु पाँच अर्ब ५० करोड ९० लाख बराबरको विद्युतीय सवारीसाधन र रु पाँच अर्ब ४३ करोड ४१ लाखको अन्य सवारीसाधन आयात भएको छ । सात महिनामा रु तीन अर्ब ५३ करोड ९७ लाख बराबरको स्मार्टफोन आयात भएको पनि विभागले जनाएको छ ।

नेपालले बढी निर्यात गरेका वस्तुहरुमा भटमास तेल पहिलो स्थानमा छ । माघ मसान्तसम्ममा रु ३२ अर्ब ४१ करोड ५७ लाख बराबरको सोयाबिन तेल निर्यात भएको छ । त्यस्तै, रु छ अर्ब ५७ करोड ६७ लाखको सूर्यमुखी तेल, रु पाँच अर्ब ३८ करोड ८० लाखको अलैंची, रु तीन अर्ब ८९ करोड ५२ लाखको कार्पेट, रु तीन अर्ब १० करोडको धागो र रु तीन अर्ब बराबरको चिया निर्यात भएको छ ।

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही

विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com